प्रमुख सचिव
मोहनराज चापागाईं
प्रदेश सचिव

# अस्पताल भवन निर्माण पूर्व अनुमति सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:** प्रदेशभित्र निर्माण हुने सार्वजनिक तथा निजी अस्पताल भवनलाई सुरक्षित, गुणस्तरीय बनाउन अस्पताल भवन निर्माण पूर्व अनुमति सम्बन्धी प्रकृयालाई सरलीकृत गरी एकरुपता ल्याउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश भवन ऐन, २०७६ को दफा २२ को अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "अस्पताल भवन निर्माण पूर्व अनुमति सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश भवन ऐन, २०७६ सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भवन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ ।

(घ) "अस्पतालभवन"भन्नाले दफा ३ बमोजिमको अस्पताल भवन सम्झनुपर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनुपर्छ । सो शब्दले प्रदेशको नामाकरण भए पश्चात कायम हुने नामलाई समेत जनाउँनेछ ।

(च) "प्रचलित कानून" भन्नाले भवनका सम्बन्धमा बनेको संघ र प्रदेशका अन्य प्रचलित कानून सम्झनुपर्छ ।

३. **अस्पतालभवन निर्माण सम्बन्धी मापदण्ड:** ऐनको दफा ४ मा उल्लेख भए बमोजिम एकसय बेड तथा सो भन्दा बढी क्षमता भएको र देहाय बमोजिमको सार्वजनिक तथा निजी अस्पताल भवन निर्माण गर्दा प्रचलित कानून बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछः-

(क) २५ देखि २०० शैया सम्मका जनरल तथा विशेषज्ञ अस्पताल,

(ख) २५ देखि ५० शैया सम्मका आयुर्वेद अस्पताल,

(ग) डेन्टल क्लिनिक, विशेषज्ञ क्लिनिक, पोलिक्लिनिक,

(घ) आँखा उपचार केन्द्र,

(ङ) "सी" वर्गको प्रयोगशाला,

मोहनराज चापागाई
प्रदेश सचिव

(च) "ख" श्रेणोको रेडियो इमेजिङ्ग सेन्टर,

(छ) डायलासिस केन्द्र (२५ शैया सम्म),

(ज) पुर्नस्थापना केन्द्र (२५ शैया सम्म),

(झ) हस्पिस सेन्टर ।

४. <u>पूर्व अनुमतिको लागि निवेदन:</u> (१) यस कार्यविधिको दफा ३ बमोजिमको अस्पताल भवन निर्माण गर्न सम्बन्धित व्यक्ति, संस्था, प्रदेश वास्थानीय तहले अनुसूची-१ बमोजिमको निवेदन तथा देहाय बमोजिमका कागजातहरु संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष पूर्व अनुमतिका लागि निवेदन दिनुपर्नेछः-

(क) माटो परीक्षणको रिपोर्ट,

(ख) स्ट्रक्चरल डिजाइन,

(ग) आर्किटेक्चरल डिजाइन,

(घ) स्यानिटरी डिजाइन,

(ङ) पलम्बिङ्ग डिजाइन,

(च) हिटिङ्ग भेन्टिलेसन एण्ड एअरं कन्डिसनिङ्ग,

(छ) ईलेक्ट्रिकल डिजाइन,

(ज) स्ट्रक्चर डिजाइन ई-कपी,

(झ) जग्गा धनीको लालपूर्जा, नापी नक्शा,

(ञ) राष्ट्रिय भवन संहिता बमोजिम डिजाइन भए/नभएको सम्बन्धी विवरण ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश गर्दा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

५. <u>सिफारिस समिति सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधिको दफा ४ बमोजिमको निवेदन र सो साथ पेश हुन आएका कागजातहरु चेक जाँच गरी पूर्व अनुमति प्रदान गर्ने सम्बन्धमा मन्त्रालयले तोकेको अधिकारी वा निंकाय समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्रालयको भवन महाशाखां प्रमुख | -संयोजक |
| (ख) मन्त्रालयको सडक पूर्वाधार महाशाखा प्रमुख | - सदस्य |
| (ग) भवन निर्माण र डिजायन सम्बन्धी विषयमा स्नातकोत्तर गरेको र सो क्षेत्रमा सात वर्षको अनुभव भएको मन्त्रालयले तोकेको एकजना विज्ञ | -सदस्य |
| (घ) मन्त्रालयको कानून अधिकृत | -सदस्य |
| (ङ) मन्त्रालयको भवन शाखा इन्जिनियर | -सदस्य सचिव |

(२) उपदफा (१) को सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



प्रमुख सचिव
मोहनराज चापागाइ
प्रदेश सचिव

(क) यस कार्यविधिको दफा ४ बमोजिमको निवेदन र पेश भएका कागजातहरुको अध्ययन गर्ने,

(ख) अपुग भएका कागजात माग गर्ने,

(ग) स्थलगत अनुगमन निरीक्षण गर्ने,

(घ) मन्त्रालय वा सो अर्न्तगतका कार्यालयका सम्बन्धित विषयका विज्ञ कर्मचारीबाट प्राविधिक पक्षको अध्ययन गर्ने गराउने,

(ङ) निर्माण पूर्वअनुमतिका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष सिफारिस गर्ने ।

६. <u>पूर्व अनुमति दिने सकिने:</u> (१) यस कार्यविधिको दफा ५ बमोजिमको समितिले निवेदन र कागजातहरु वा स्थलगत जाँचबुझ गरी पूर्व अनुमतिका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारी वा निकायले अनुसूची-२ को ढाँचामा एक महिनाभित्र अस्पताल भवन निर्माण सम्बन्धी पूर्व अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पूर्व अनुमति प्राप्त गर्न कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

(४)यस कार्यविधि बमोजिम पूर्व अनुमति दिन नमिल्ने भए सम्बन्धित अधिकारी वा निकायले उपदफा (२) बमोजिमको अवधि नाघेको मितिले पन्ध्र दिनभित्र पूर्व अनुमति दिन नसक्नुको आधार र कारण खुलाई निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ ।

७. <u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधिको दफा ६ बमोजिम पूर्व अनुमति दिएका अस्पताल भवनहरु प्रचलित कानून बमोजिमको मापदण्ड अनुरुप निर्माण भए नभएको वा तोकिएको शर्तहरुको पालना भए नभएको सम्बन्धमा दफा ५ बमोजिमको समितिले समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको अनुगमन तथा मूल्याङ्कनको तथ्यगत प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेश भएको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट अस्पताल भवन निर्माणकर्तालाई प्रचलित कानून बमोजिमको कुनै निर्देशन दिनु पर्ने देखिएमा मन्त्रालयले समयमै सो निर्देशन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशनको पालना गर्नु सम्बन्धित अस्पताल भवन निर्माणकर्ताको कर्तव्य हुनेछ ।

मोहनराज चापागाई
प्रदेश सचिव

(५) उपदफा (३) बमोजिमको निर्देशन पालना नगरेमा मन्त्रालयले जुनसुकै बखत अस्पताल भवन निर्माणको पूर्व अनुमति रद्ध गर्न सकिनेछ ।

(६) उपदफा (५) बमोजिम पूर्व अनुमति रद्ध भएका अस्पताल भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराइने छैन ।

८. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ ।

९. <u>संशोधन वा खारेज गर्न सक्नेः</u> प्रचलित कानूनको अधिनमा रही प्रदेश सरकारले यो कार्यविधिमा आवश्यक संशोधन वा खारेज गर्न सक्नेछ ।

मोहनराज चापागाई
प्रदेश सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रदेश सरकार भूमि व्यवस्था, पूर्वाधार तथा शहरी विकास मन्त्रालय प्रदेश नम्बर १ विराटनगर, नेपाल

प्रमुख सचिव

मोहनराज चापागाई
प्रदेश सचिव

अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**पूर्व अनुमतिको लागि दिइने निवेदन**

श्री.......................मन्त्रालय/कार्यालय

................................ ।

प्रस्तुत विषयका सम्बन्धमा..........व्यक्ति/संस्था...................बाट........................प्रयोजनका लागि निम्नानुसारको स्थानमा कूल................वर्गमिटर क्षेत्रफलमा..........शैयाको अस्पताल भवन निर्माण गर्न पर्ने भएकाले तपसिल बमोजिमको नक्सा तथा कागजात संलग्न गरी पूर्व अनुमतिको लागि अनुरोध गर्दछु ।

अस्पताल भवन निर्माण स्थलः-

................................जिल्ला......................................................म.न.पा./उप.मा.न.पा./न.पा./गा.पा./वडानं...........................नक्सा नं..................................कित्ता नं.........................

**संलग्न कागजातहरुः**

१...........................

२...........................

ठेगानाः-

फोन नं.-

निवेदकको दस्तखतः-

मितिः-

मोहनराज चापागाई
प्रदेश सचिव

प्रमुख सचिव

मोहनराज चापागाई
प्रदेश सचिव

अनुसूची- २

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## पूर्व अनुमतिपत्रको ढाँचा

................................................

...................................मन्त्रालय/कार्यालय

### अस्पताल भवन निर्माणका लागि पूर्व अनुमति पत्र

पूर्व अनुमति पत्र नं.

श्री...............................

..........................................

.............................................................भवन निर्माण गर्न पूर्व अनुमतिको लागि मिति..........................................मा प्राप्त भएको निवेदन उपर कारबाही हुँदा त्यस.................................व्यक्ति/संस्था...................................लाई भवन निर्माण गर्नु पूर्व अनुमति दिने सम्बन्धमा यस ..................................बाट मिति...........................मा..................स्तरीय निर्णय भएकोले अस्पताल भवन निर्माणसँग सम्बन्धी प्रचलित कानूनको अधिनमा रही निर्माण कार्य अगाडि बढाउन पूर्व अनुमति दिईएको छ ।

अनुमति दिने अधिकारीको

दस्तखतः-

नामः-

दर्जाः-

मितिः-

मोहनराज चापागाई
प्रदेश सचिव